12601 ८८२

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३५६/२०७१/०७२

निर्णय नं. ८८२

जिल्ला सुनसरी इटहरी न.पा. ५ बस्ने विष्णुप्रसाद ढुकाल ............................................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, इटहरी नगरपालिका कार्यालय, सुनसरी..................................................१ विपक्षी
सूचना अधिकारी, इटहरी नगरपालिका कार्यालय, सुनसरी

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

जिल्ला सुनसरी इटहरी न.पा. ५ बस्ने विष्णुप्रसाद ढकालले इटहरी नगरपालिका कार्यालय, सुनसरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।१७ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०४।२९ को आदेश बमोजिम इटहरी नगरपालिकाको कार्यालय, सुनसरीलाई मिति २०७२।१२।२६ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त इटहरी नगरपालिकाको कार्यालय, सुनसरीको मिति २०७३।०१।३१, च.नं.१८८९८ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरेको जानकारी यस आयोगलाई गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।